# बलपूर्वक वेपत्ता पार्ने कार्य विरुद्धको अधिकार

## विषयगत पुस्तिका




**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

सबैका लागि मर्यादा, समानता र न्याय

# बलपूर्वक वेपत्ता पार्ने कार्यविरुद्धको अधिकार

विषयगत पुस्तिका

प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

२०६९

**लेखन** : बासुदेव बजगाईँ
: रेगम महर्जन

**संयोजन** : वेदप्रसाद भट्टराई
: सूर्य बहादुर देउजा

**सम्पादन** : वेदप्रसाद भट्टराई
: दुर्गा खड्का
: सूर्य बहादुर देउजा
: सम्झना शर्मा
: जीवन न्यौपाने

**शुद्धाशुद्धी** : कैलाशकुमार सिवाकोटी

**प्रकाशन मिति** : जेठ, २०६९

**संस्करण** : प्रथम

**प्रति** : २०००

**प्रकाशन नं.** : ९४ - १४४ - २०६९

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग, नेपाल ।

**प्रकाशन सहयोगी** : राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना

**मुद्रण** : युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७०

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउँन सकिनेछ । यस बाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउँन पाइने छैन ।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखि कार्य गर्दै आएको छ । मानवअधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्‌को आत्मसमीक्षा र भावी कार्ययोजनाहरूमा समेत परिमार्जन, परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने जमर्को गरिएको छ । यसबाट यस क्षेत्रमा आयोगले गरेका कामकारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षिप्तमा जानकारी गराउने प्रयास गरिएको छ । सम्बन्धित सरोकारवालाहरू सबैको सुझावबाट यसलाई भविष्यमा अझ परिस्कृत गर्दै लैजान सकिने छ ।

यस पुस्तिकामा नेपालमा बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको अधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस सम्बन्धमा आयोगले निर्वाह गरेको भूमिका तथा गतिविधिहरू, अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरू, हाल आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका हालसम्मका प्रकाशनहरू एवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्यसमेतलाई उजागर गर्ने प्रयत्न गरिएको छ ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानव अधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने मानवअधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन् । आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | नेपालमा बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको अधिकारको अवस्था | २ |
| ३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता | ४ |
| ४. | आयोगको भूमिका | ७ |
| ५. | आयोगका गतिविधिहरू | ९ |
| | ५.१. अनुसन्धान | ९ |
| | ५.२. उजुरी र सिफारिसहरू | ११ |
| | ५.३. आयोगले प्रदान गर्ने सेवाहरू | १२ |
| | ५.४. आयोगका प्रकाशनहरू | १२ |
| | ५.५. आयोगको प्रकाशन | १३ |
| ६. | समन्वय र सहकार्य | १५ |
| ७. | आयोगका कार्यालयहरू | २० |

# बलपूर्वक वेपत्ता पार्ने कार्यविरुद्धको अधिकार

## १. परिचय

### १.१. पृष्ठभूमि

मानिसलाई बलपूर्वक बेपत्ता पार्ने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन हो । बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ ले राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नतामा व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्यलाई बलपूर्वक बेपत्ता पार्ने कार्यको रूपमा परिभाषित गरेको छ । महासन्धिले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको रूपमा परिभाषित गर्दै व्यापक र सुनियोजित रूपमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवता विरुद्धको अपराधको रूपमा परिभाषित गरेको छ । नेपालमा सशस्त्र द्वन्द्वको क्रममा व्यापकमात्रामा द्वन्द्वरत पक्षहरूबाट व्यक्तिहरूलाई गैरकानुनी तरिकाले नियन्त्रणमा लिई बेपत्ता पार्ने कार्य भएको पाईएपछि बलपूर्वक बेपत्ता मानव अधिकारको गम्भीर समस्याको रूपमा रहँदै आएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग २०५७ जेठ १३ गते स्थापना भए पश्चात् आयोगले बलपूर्वक बेपत्ता पार्ने कार्यबाट संरक्षण पाउने अधिकारको, सम्वर्द्धन र पालनाका लागि निर्वाह गरेको भूमिकाका बारेमा सर्वसाधारण, नागरिक समाज, मानव अधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरू लगायत सम्बद्ध सम्पूर्ण सरोकारवाला अधिकारी, निकायहरूलाई जानकारी, सुसूचित गर्ने मुख्य उद्देश्यले बेपत्ताविरुद्धको अधिकारसम्बन्धी विषयगत परिचयात्मक पुस्तिका प्रकाशन गरिएको हो । प्रस्तुत पुस्तिकामा आयोगले बेपत्ता विरुद्धको अधिकारका संरक्षण, सम्वर्द्धन र पालनाका लागि इकाइ स्थापना, नेपालमा बेपत्ता सम्बन्धी स्थिति, यस अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, आयोग स्थापनादेखि हालसम्म सम्बन्धित विषयमा परेका उजुरी र उजुरीहरूउपर आयोगले गरेका कामकारबाही एवम् गतिविधिहरू, नागरिक समाज लगायत सरोकारवाला निकायहरूसँगको

सहकार्य लगायतका विषयहरूलाई सम्बोधन गरिएको छ । प्रस्तुत पुस्तिकामार्फत यस क्षेत्रमा कार्यरत सम्पूर्ण सङ्घसंस्थाहरू, मानव अधिकारकर्मीहरू समेतलाई सहयोग पुग्ने विश्वास गरिएको छ ।

### १.२. बेपत्ता सम्बन्धी इकाइ स्थापना

राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाको समयमा देशमा सशस्त्र द्वन्द्व चलिरहेको थियो । आयोगमा स्थापनाकालदेखि नै सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार उल्लघनका घटनाहरूसम्बन्धी उजुरीहरू ठूलो सङ्ख्यामा दर्ता हुन थाले । यस्ता उजुरीमध्ये द्वन्द्वरतपक्षबाट व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको भन्ने उजुरी अत्याधिक मात्रामा रहेका छन् । आयोगमा दर्ता भएका उजुरीहरूको अनुसन्धान गरी पीडितहरूको मानवअधिकार संरक्षण कार्यलाई व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि संरक्षण महाशाखाअर्न्तगत बलपूर्वक बेपत्तासम्बन्धी उजुरी हेर्न छुट्टै इकाइको स्थापना गरिएको थियो । अनुसन्धान महाशाखाअन्तर्गत प्रमुख नौ वटा माहासन्धिहरूमा आधारित इकाइहरू गठन गरिएपछि बेपत्ता इकाइ अनुसन्धान महाशाखाको एक इकाइको रूपमा रहेको छ ।

## २. नेपालमा बलपूर्वक वेपत्ता पार्ने कार्यविरुद्धको अधिकारको अवस्था

नेपालमा पञ्चायती व्यवस्थाभन्दा अघिदेखि नै व्यक्तिहरूलाई राज्यबाट बलपूर्वक बेपत्ता पार्ने कार्य हुने गरेको पाइए पनि तत्कालीन नेकपा (माओवादी) ले २०५२ साल फागुन १ गतेदेखि जनयुद्धको घोषणा गरेपछि भएको सशस्त्र द्वन्द्वको क्रममा व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पार्ने कार्य व्यापक मात्रामा भएको पाइन्छ । खासगरी २०५८ सालमा सङ्कटकालदेखि २०६२/२०६३ सालमा भएको दास्रो जनआन्दोलनसम्म अत्याधिक मात्रामा बलपूर्वक बेपत्ता पारिएका घटनाहरू भएको पाइन्छ । आयोगबाट भएका अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा सशस्त्र द्वन्द्वको क्रममा सुरक्षाकर्मीहरूद्वारा हातहतियारसहित बिनासूचना व्यक्तिहरूलाई पक्राउ गर्ने, पक्राउ गर्नुको कारण र थुनामा राखिएको स्थानसमेत गोप्य राखी व्यक्तिहरूको हत्या गर्नेसम्मका कार्यहरू भएको पाइन्छ । यसक्रममा मध्यरातमा समेत घरभित्र प्रवेश गरी व्यक्तिहरूलाई पक्राउ गरी अवस्था बेपत्ता पारिएको पाइएको छ ।

पक्राउ गरी बेपत्ता पारिएका व्यक्तिहरूलाई उनीहरूका आफन्त वा कानुनव्यवसायीलाई भेट गर्न नदिने, कहाँ राखिएको छ भन्ने विषयमा जानकारी नदिई पक्राउ नै नगरिएको भनी झुट्टा विवरण दिनेजस्ता गम्भीर कार्यहरू भएको पाइन्छ । सशस्त्र द्वन्द्वको क्रममा खास गरी सुरक्षाकर्मीद्वारा द्वन्द्वरत पक्ष तत्कालीन नेकपा (माओवादी) का नेता वा कार्यकर्ता वा सहयोगी भएको आरोपमा व्यक्तिहरूलाई पक्राउ गरी बेपत्ता पार्ने गरेको पाइन्छ । राष्ट्रिय मानव अधिकार आयोग तथा अदालतबाट भएका सोधपुछको क्रममा समेत व्यक्तिहरूलाई पक्राउ गरिएका वा थुनामा राखिएको जानकारी नभएको भनी सरकारी निकायहरूबाट गैरजिम्मेवारीपूर्ण जवाफ दिने कार्यहरू भएका छन् । आयोगबाट भएको अनुसन्धानहरूबाट विभिन्न सैनिक हिरासत एवम् प्रहरी हिरासतहरूबाट व्यक्तिहरूलाई बेपत्ता पारिएका प्रमाणहरू प्राप्त भएका छन् । कतिपय अवस्थामा व्यक्तिहरूलाई सैनिक गस्तीमा घुमाउन लगी बाटोमा नै मारिएका तथ्यहरूसमेत प्राप्त भएका छन् । बेपत्ताको अवस्थामा हिरासतभित्रै मारिएका घटनाहरूको सम्बन्धमा समेत आयोगबाट अनुसन्धान भएका छन् ।

सशस्त्र द्वन्द्वको अर्को पक्ष तत्कालीन नेकपा (माओवादी) बाट पनि व्यक्तिहरूलाई कब्जामा लिई अपहरण गरी उनीहरूको अवस्था अज्ञात बनाउने कार्यहरू भएका छन् । हतियारसहित गएर व्यक्तिहरूलाई जर्बजस्ती कब्जामा लिने र उनीहरूको अवस्थाको बारेमा परिवार तथा आफन्त समेतलाई कुनै जानकारी नदिएर अवस्था अज्ञात तुल्याउने कार्यहरू भएका पाइन्छन् । सो पक्षबाट व्यक्तिहरूलाई कब्जामा लिएको अवस्थामा हत्या गरी शवसमेत परिवारलाई नदिई गायब पार्ने कार्यहरू समेत हुन पुगेका छन् । माओवादी कार्यकर्ताहरूले सुराकीको आरोपमा, सुरक्षा निकायहरूमा काम गरेको आरोपमा, विचारधाराप्रति असहमति जनाएको आधारमा समेत व्यक्तिहरूलाई कब्जामा लिई अवस्था अज्ञात बनाउने गरेको पाइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगमा भएको २०६५ साउन मसान्तसम्मको तथ्याङ्क[१] अनुसार सुरक्षा निकायहरूबाट २,२४० जना व्यक्तिहरू बलपूर्वक बेपत्ता बनाइएको र तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूबाट १,०५९ जना व्यक्तिहरूको स्थिति अज्ञात बनाइएको भनी आयोगमा उजुरीहरू

[१] नेपालको सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सम्बन्धी प्रतिवेदन, २०६५, प्रतिवेदन नं. ४६।९ ७।२०६५ (के.का)

दर्ता भएका छन् । सुरक्षानिकायबाट बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूमध्ये १४२७ जना व्यक्तिहरूको स्थिति सार्वजनिक भएको छ भने १४२ जना व्यक्तिहरू मारिएको पाइएको छ । बेपत्ता पारिएका ६७१ जना व्यक्तिहरूको स्थिति हालसम्म सार्वजनिक भएको छैन । यसैगरी माओवादी कार्यकर्ताहरूबाट अपहरण गरी स्थिति अज्ञात बनाइएका व्यक्तिहरूमध्ये ७३९ जना व्यक्तिहरूलाई अपहरणमुक्त गरेको, २१ जना व्यक्तिहरू मारिएको र २९९ जना व्यक्तिहरूको स्थिति हालसम्म सार्वजनिक भएको छैन ।

# ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता

## ३.१. राष्ट्रिय कानुन

नेपालमा हालसम्म बलपूर्वक बेपत्तासम्बन्धी छुट्टै कानुन निर्माण भएको छैन । मुलुकी ऐन २०२० मा अपहरण गर्ने शरीर बन्धकसम्बन्धी महलको व्यवस्था भए पनि यसले बलपूर्वक बेपत्तासम्बन्धी विषयलाई समेटेको पाइँदैन । यता संविधान र कतिपय कानुनहरूको व्याख्याबाट नेपाल कानुनले व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्यलाई निषेध गरेको पाइन्छ ।

१. नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (थ) मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूमा पीडित परिवारलाई राहत उपलब्ध गराउने कुरा उल्लेख छ ।

२. नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हकअन्तर्गत धारा १२ (२) मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयत्तिक स्वतन्त्रता अपहरण हुने छैन भन्ने उल्लेख गरिएको छ ।

३. नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ मा न्यायसम्बन्धी हक (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन । उक्त व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ मा पनि उल्लेख गरिएको थियो ।

४. कारागार ऐन, २०१९ ले कुनै पनि व्यक्तिलाई अपराधको तहकीकात, जाँचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नुपर्ने भएमा निजलाई प्रचलित नेपाल कानुनबमोजिम थुनुवा पूर्जी दिएरमात्र राख्नुपर्ने व्यवस्था गरेको पाइन्छ ।

५. सार्वजनिक अपराध ऐन २०२७ मा कनै व्यक्तिले केही सार्वजनिक अपराधको कसूर गरेको छ भन्ने कुराको कसैको उजुरी परी विश्वासपर्दो सूचना प्राप्त भई वा शङ्का भई सो आधारमा जाँचबुझ गर्दा कसूर गरेको भन्ने विश्वास लागेमा स्थानीय प्रहरी चौकी वा थानाको नायव प्रहरी निरीक्षकसम्मको मुख्य प्रहरी अधिकृतले अभियुक्तलाई पक्राउ गर्न वारेण्ट जारी गर्न सक्ने र त्यस्तो व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई त्यस्तो अधिकारीको आदेशले मात्र थुनामा राख्न पाइने व्यवस्था गरेको छ ।

६. नागरिक अधिकार ऐन २०१२ ले कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा व्यक्तिको स्वतन्त्रता नहरिने, गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तारीका कारणसहितको सूचना यथासक्य चाँडो नदिई थुनामा नराखिने, गिरफ्तार भएको व्यक्तिले आफूले रोजेको कानुनव्यवसायी राख्न पाउने व्यवस्था गरेको छ ।

७. प्रहरी ऐन २०१२ ले पक्राउ भएको व्यक्तिलाई बाटोको मनासिव माफिकको म्यादबाहेक २४ घण्टाभित्र सकभर चाँडै अदालतमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

८. सशस्त्र प्रहरी ऐन २०५८ मा सशस्त्र प्रहरी अधिकृतले आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई पक्राउ गरी यथाशक्य चाँडो स्थानीय अन्य प्रहरीलाई सुम्पन सक्ने व्यवस्था गरेको छ ।

९. विष्फोटक पदार्थ ऐन २०१८ ले सजाय हुने कुनै कसूर कुनै व्यक्तिले गर्न लागेको वा गरेको फेला परेमा र निजको सो कामले गर्दा कुनै स्थानमा विष्फोटक हुने वा आगलागी हुने सम्भावना देखिएमा कुनै प्रहरी कर्मचारीले अवस्था अनुसार सो ठाँउको भोगचलन गर्ने व्यक्तिले वा हवाई अड्डाका कुनै कर्मचारीले बिना वारेण्ट त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्ने र त्यसरी गिरफ्तार गरिएको व्यक्तिलाई बाटाको म्यादबाहेक २४ घण्टाभित्र प्रमुख जिल्ला अधिकारीको जिम्मामा बुझाउनुपर्ने व्यवस्था गरेको छ ।

१०. सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको शङ्का गर्नुपर्ने मनासिव कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्ने तर

त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि २४ घण्टाभन्दा बढी थुनामा नराखिने, अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा २४ घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्ने व्यवस्था गरेको छ।

११. हातहतियार खरखजान ऐन २०१९ ले कुनै गैरकानुनी काम गर्ने हेतुले कुनै व्यक्तिले हातहतियार र खरखजाना फेला पारेमा त्यस्तो हतियार लिई हिँड्ने व्यक्तिलाई बिनावारेन्ट गिरफ्तार गर्न सक्ने भए पनि यसरी गिरफ्तार गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाइदिनुपर्ने व्यवस्था गरेको छ।

## ३.२.अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू

१. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मा सबै व्यक्तिलाई जीवन, स्वतन्त्रता तथा वैयक्तिक सुरक्षाको हक, यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डरुिद्धको हक, स्वेच्छाचारी गिरफ्तारी तथा थुनाविरुद्धको हक, फौजदारी न्यायसम्बन्धी हक, तथा निष्पक्ष सुनुवाइको हक लगायत विविध मानव अधिकारसम्बन्धी व्यवस्था रहेका छन्। बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी महासन्धिलाई नेपालले अनुमोदन गरेको छैन।

२. नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि, १९६६ को धारा ९ मा सुरक्षा तथा स्वतन्त्रताको अधिकारको व्यवस्था गरी कसैलाई पनि स्वेच्छचारी तरिकाले पक्राऊ गर्न वा थुनामा राख्न नपाइने, पर्याप्त आधारबिना कसैको पनि स्वतन्त्रताको हरण गर्न नपाइने, व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गर्नाको कारण र अभियोगसमेतको सूचना दिनुपर्ने, समयमै मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र गैरकानुनी रूपमा थुनामा राखिएको व्यक्तिलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने उल्लेख भएको छ।

३. अन्तर्राष्ट्रिय फौजदारीअदालतको परिनियम (रोम विधान) १९९८ ले बलपूर्वक बेपत्ता पारिने कार्यलाई मानवताविरुद्धको अपराधको श्रेणीमा राख्दै त्यस्तो अपराधमा सो अदालतबाट सुनुवाइ हुनसक्ने उल्लेख गरेको छ ।

४. सन् १९४९ का चार वटै जेनेभा महासन्धिहरूको साझा धारा ३ ले आन्तरिक सशस्त्र सङ्घर्षाको क्रममा युद्धरत पक्षले कसैलाई पनि बन्धक बनाउन नपाइने व्यवस्था गरेको पाइन्छ ।

### ३.३. विश्वव्यापी आवधिक समीक्षा

- मानवअधिकार उल्लङ्घनसम्बन्धी आरोपहरूका सम्बन्धमा अनुसन्धान गर्न र अदालतद्वारा सङ्क्रमणकालीन न्यायसंयन्त्र स्थापनासम्बन्धी सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न सिफारिस गरिएकोमा नेपाल सरकारले सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक र बेपत्ता आयोगसम्बन्धी विधेयक मस्यौदा गरी संसद्मा दर्ता गराएको जवाफ नेपाल सरकारबाट दिइएको थियो ।
- सबै व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्यबाट संरक्षण गर्नका लागि आवश्यक उपाय अवलम्बन गर्न सिफारिस गरकोमा नेपाल सरकारले बेपत्ता पार्ने कार्यलाई अपराधको रूपमा परिभाषित गर्दै कानुन बनाइसकेको र सर्वोच्च अदालत, मानव अधिकार आयोग, महिला आयोगजस्ता राष्ट्रिय संयन्त्रसमेत रहेको एवम् कानुन कार्यान्वयन गर्ने निकायहरूलाई मानव अधिकारका मूल्यमान्यता र मापदण्ड पालना गर्न तालिम दिएको भनी जवाफ दिनुका साथै व्यवस्थापिका संसद्मा बेपत्तासम्बन्धी आयोग विचाराधीन रहेको भन्ने जानकारी दिएको थियो ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख भएको छ ।

आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलब्ध गराउँदै आएको छ । आयोगलाई संविधान तथा ऐन प्रदत्त काम तथा कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा देहायका बुँदाहरूमा सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ :

१. आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने ।

२. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनुअघि रायको लागि आयोगसमक्ष लेखी पठाउने ।

३. आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकताअनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने ।

४. मानवअधिकारको संरक्षण, सम्वर्द्धन, सम्वर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।

५. मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

६. आयोगमा प्राप्त उजुरी वा जानकारी वा आयोगले आफ्नै स्वविवेकमा छानबिन तथा अनुसन्धान गरेको विषय तथ्यहीन लागेमा वा सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो उजुरी, जानकारी वा विषय जुनसुकै समयमा खारेज गर्न वा तामेलीमा राख्न सक्ने ।

७. अन्तर्राष्ट्रिय कानुनबमोजिम मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराइ पाउन संयुक्त निवेदन दिएमा आयोगले तोकिएबमोजिम मेलमिलाप गराइदिन सक्ने ।



यसप्रकार आयोगको संविधान तथा ऐन प्रदत्त काम कर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई मानव अधिकार संरक्षणात्मक कार्य, मानव अधिकार सम्वर्द्धनात्मक कार्य एवम् मानव अधिकारको वकालत गरी ३ वटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको पाइन्छ ।

## ५. आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । मानव अधिकार संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्तअनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानवअधिकार संस्थाहरू (National Human Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Commitee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ । आयोगका गतिविधिहरू निम्नलिखित विषयमा केन्द्रित रहेका छन्:

### ५.१. अनुसन्धान

आयोगले निम्न माध्यमहरूबाट उजुरी ग्रहण गर्दछ:

- लिखित वा मौखिक निवेदन,
- टेलिफोन वा फ्याक्स
- हुलाक, डाक, टेलीग्राम, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य सञ्चार माध्यम र
- स्वविवेकीय अधिकार प्रयोग गरी आफैं ।

यस्ता उजुरीहरूमा सामान्यतया उजुर गर्ने र पीडित व्यक्तिहरूको सकेसम्म बिस्तृत विवरणहरू उल्लेख भएको हुनुपर्दछ यसैगरी उजुरीको विषय, उल्लङ्घन भएको मानव अधिकार, घटनाको विवरण, मागदाबी पुष्टि हुने प्रमाणहरू, माग गरेको उपचार, अन्य सङ्घसंस्थामा उजुर गरेको भए सो समेत खुलाउनुपर्दछ । यसरी प्राप्त भएको उजुरीहरूको आयोगबाट अनुसन्धान भई निर्णय गरी निर्णय कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको खोजीको क्रममा आवश्यकताअनुसार शवोत्खनन् कार्य गर्न सम्बन्धित निकायलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग गर्ने समेतको भूमिका आयोगले गर्दै आइरहेको छ ।

आयोगले हालसम्म बेपत्ता बनाइएको भनी आयोगमा दर्ता हुन आएका विभिन्न जिल्लाका उजुरीहरूमा देहाय बमोजिम शवोत्खनन् समेतका कार्य गरी अनुसन्धान गरेको छ :

| घटना | घटनास्थल | पीडित सङ्ख्या | मानवअधिकार हनन्को विषय | शवोउत्खनन् मिति | आयोगको कार्य |
|---|---|---|---|---|---|
| जीवनपुर | धादिङ | १ | सुरक्षाकर्मीबाट बेपत्ता | २०६२ | शवोत्खनन् |
| जोरसल्ले | काभ्रेपलाञ्चोक | १ | सुरक्षाकर्मीबाट बेपत्ता | २०६२ | शवोत्खनन् |
| छत्रेदेउराली | छत्रेदेउराली, धादिङ | १ | सुरक्षाकर्मीबाट बेपत्ता | २०६२ | नेपाल प्रहरीलाई प्रविधिक सहयोग र अनुगमन |
| मलेखु | मलेखु, धादिङ | १ | सुरक्षाकर्मीबाट बेपत्ता | २०६२ | नेपाल प्रहरीलाई प्रविधिक सहयोग र अनुगमन |
| पाँचखाल | पाँचखाल, काभ्रेपलाञ्चोक | १ | सुरक्षाकर्मीबाट बेपत्ता | २०६२ | नेपाल प्रहरीलाई प्रविधिक सहयोग र अनुगमन |
| दैलेख | द्वारी | १ | नेकपा (माओवादी) बाट वेपत्ता | २०६३ | शवोत्खनन् |
| कैलाली | कैलाली | १ | नेकपा (माओवादी) बाट वेपत्ता | २०६४ | नेपाल प्रहरीलाई प्रविधिक सहयोग र अनुगमन |
| शिवपुरी | शिवपुरी, काठमाडौं | ४३ | सुरक्षाकर्मीबाट वेपत्ता | २०६५ | शवोत्खनन् |
| गोदार | धनुषा, जनकपुर | ५ | सुरक्षाकर्मीबाट वेपत्ता | २०६७ | नेपाल प्रहरीलाई प्रविधिक सहयोग, शवोत्खनन् तथा अनुगमन |

## ५.२. सम्वर्द्धनात्मक कार्य

आयोगले यस इकाइ अन्तर्गत निम्नबमोजिम सम्वर्द्धनात्मक गतिविधिहरू सम्पन्न भएका छन् :

- जुलाइ १५, २००४ मा बेपत्ता पारिएका परिवारसँग आयोगले एक अन्तर्क्रिया गरी सरकार र सुरक्षा नियकाका अधिकारीहरूसँग थप छलफल गरी अगाडि बढ्नुपर्ने विषयमा जोड दिएको थियो। बेपत्ताको स्थिति पत्ता लगाउन हिरासतको अवलोकनको कार्यलाई तीव्र बनाउने विषयलाई कार्यक्रममा जोड दिएको थियो।
- २०५८ चैत २२ मा सङ्कटकाल लागू भएपछि सुरक्षाफौजको कारबाहीको सिलसिलामा भएगरिएका कार्यहरूको सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद्का अधिकारी तथा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीसँग छलफल भएको थियो। व्यक्तिलाई हिरासतमा लिएपछि त्यसको जानकारी आयोगबाट माग भएअनुसार अविलम्ब उपलब्ध गराउनुपर्ने भन्ने आयोग पदाधिकारीको भनाइमा सुरक्षापरिषद्का पदाधिकारीद्वारा मानव अधिकार संरक्षणका लागि आयोगलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो।
- आयोगले बेपत्ता पार्ने कार्यविरुद्धको अन्तर्राष्ट्रिय दिवस हरेक वर्ष मनाउँदै आएको छ। उक्त दिवसमा बेपत्ता पारिएका व्यक्तिहरूको सम्झनामा र बेपत्ता परिवार तथा सरोकारवाला निकायहरूको संयुक्त आयोजनामा विविध कार्यक्रमहरूको आयोजना गरी बेपत्ता पार्ने कार्यको विरोध र बेपत्ता पारिएका व्यक्तिहरूको सम्झना गर्ने गरिएको छ।
- नेपालमा बलपूर्वक बेपत्ताको अवस्थासम्बन्धी दुई वटा प्रतिवेदनहरू तयार गरी प्रकाशन तथा वितरण गरिएको थियो।
- विभिन्न समयमा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको शवोत्खनन्बाट प्राप्त प्रतिवेदनहरू पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको थियो।
- सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको विवरण दुई पटक राष्ट्रिय दैनिकहरूमा प्रकाशित गरिएको थियो।
- व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पार्ने कार्य मानवअधिकारको गम्भीर उल्लङ्घन हो भनी विभिन्न सञ्चार माध्महरूमा सूचना प्रकाशित गर्नुको साथै टेलिभिजनमा जिङ्गल बनाई प्रशारण गरिएको थियो।

## ५.३. उजुरी र सिफारिसहरूको अवस्था

राष्ट्रिय मानवअधिकार आयोगमा हालसम्म प्राप्त उजुरीहरूको आधारमा बलपूर्वक बेपत्ता तथा अपहरणको अवस्था निम्नबमोजिम रहेको छ:

### ५.३.१.उजुरीहरूको अवस्था

आयोगमा २०६८ चैत मसान्तसम्म अपहरण र वेपत्ता विरुद्धको अधिकारहरूसँग सम्बन्धित १,३१० वटा उजुरीहरू अनुसन्धानको क्रममा रहेका छन् । जसमा राज्य पक्षबाट ८६४ बेपत्ता बनाइएका र माओवादीबाट अपहरण गरिएका भनिएका ४४६ वटा उजुरीहरू रहेका छन् । क्षेत्रगत रूपमा उजुरीहरूको अवस्था देहायबमोजिम तालिकामा उल्लेख गरिएको छ :

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बेपत्ता | १४ | १५६ | ३८ | ९० | ६८ | २६८ | ११ | ३४ | १८५ | ८६४ |
| अपहरण र अज्ञात | ३९ | १४७ | ४६ | १८ | ३४ | ६१ | ६ | २३ | ७२ | ४४६ |
| उजुरी | ५३ | ३०३ | ८४ | १०८ | १०२ | ३२९ | १७ | ५७ | २५७ | १,३१० |

### ५.३.२. सिफारिसहरूको अवस्था

आयोगले अनुसन्धानपश्चात् २०६८ चैत मसान्तसम्म बेपत्ता तथा अपहरण सम्बन्धमा परेका उजुरीहरूउपर अनुसन्धान गरी ८३ वटा उजुरीहरूमा सिफारिस गरेको छ, जसलाई क्षेत्रगतरूपमा देहायबमोजिम तालिकामा उल्लेख गरिएको छ :

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बेपत्ता | ० | ० | ४ | ४ | ५ | २९ | ४ | ८ | २२ | ७६ |
| अपहरण | ० | ० | २ | ० | १ | २ | ० | ० | २ | ७ |
| सिफारिस | ० | ० | ६ | ४ | ६ | ३१ | ४ | ८ | २४ | ८३ |

नोट : तथ्याङ्कको अभिलेखन आयोगको मिति २०६५ कार्तिक १ गतेको निर्णयानुसारको क्षेत्राधिकारबमोजिम गरिएको छ ।

## ५.४.आयोगले प्रदान गर्ने सेवाहरू

बलपूर्वक बेपत्ताबाट संरक्षण विषयमाआयोगले निम्नलिखित सेवाहरू उपलब्ध गराउँदै आएको छ :

- उजुरी ग्रहण गर्ने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने,
- अनुगमन गर्ने,
- अनुसन्धान गर्ने,
- उजुरी सम्बद्ध सूचनाहरू उपलव्ध गराउने,
- उजुरीउपर सिफारिस गर्ने,
- सम्वर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग सहकार्य गर्ने,
- विभिन्न प्रकाशनहरू प्रकाशित तथा वितरण गर्ने,
- विभिन्न तालीमहरूमा श्रोतव्यक्तिउपलव्ध गराई प्रशिक्षण दिने र
- सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिसम्झौताबारे जानकारी गराउने ।

### ५.५. आयोगको प्रकाशन

आयोगद्वारा स्थापनाकालदेखि हालसम्म प्रकाशन भएका बेपत्ता विरुद्धको अधिकारहरू लगायत विविध विषयहरूसँग सम्बन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ । आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची  देहायको तालिकामा उल्लेख भएबमोजिम रहेका छन् :

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १. | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ब्रोसियर्स (नेपाली र अङ्ग्रेजी) | २०५७ |
| २. | आयोगद्वारा प्रस्तावित नेपाल सरकार र नेकपा माओवादी बीचको मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी सम्झौता पत्रको मस्यौदा सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ३. | राष्ट्रिय मानवअधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी), ११ वटा | २०६८ |
| ४. | सङ्कटकाल र मानव अधिकार, अनुगमन प्रतिवेदन, २०५९ (नेपाली र अङ्ग्रेजी) | २०६० |
| ५. | नेपालमा मानव अधिकारको स्थिति: एक प्रतिवेदन, २०६० | २०६१ |
| ६. | नेपालमा मानव अधिकारको स्थिति: एक सारांश प्रतिवेदन, २०६० | २०६१ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ७. | द्वन्द्वको अवस्थामा मानव अधिकारका लागि श्री ५ को सरकार तथा नेकपा (माओवादी) समक्ष प्रस्तुत गरिएको सुझाव | २०६१ |
| ८. | सङ्कटकालमा मानव अधिकारको अवस्था, २०६२ | २०६३ |
| ९. | युद्धविरामको अवस्थामा मानव अधिकार अवस्थाको अनुगमन, २०६२ | २०६३ |
| १०. | आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ र मानव अधिकारका मापदण्डहरू, पूनरावलोकन प्रतिवेदन, २०६३ | २०६३ |
| ११. | जनआन्दोलन अनुगमन प्रतिवेदन, २०६३ | २०६३ |
| १२. | छ महिने युद्धविरामको अवधिमा मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| १३. | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| १४. | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था | २०६४ |
| १५. | Remedies and Rights Revoked : Case Withdrawals for Serious Crimes in Nepal, Legal Opinion, 2011 (With OHCHR) | २०६८ |
| १६. | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८ | २०६८ |
| १७. | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८ | २०६८ |
| १८. | गतिविधि पुस्तिका, राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६ | २०६६ |
| १९. | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |
| २०. | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था - आठ महिना | २०६५ |
| २१. | नेपालको सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सम्बन्धी प्रतिवेदन | २०६५ |
| २२. | अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान १९९८ अनुमोदनको आवश्यकता र औचित्य | २०६५ |
| २३. | राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था | २०६६ |
| २४. | नेपालमा बलपूर्वक बेपत्ताको अवस्थासम्बन्धी सङ्क्षिप्त प्रतिवेदन | २०६६ |
| २५. | बिस्तृत शान्तिसम्झौताको पहिलो, दोश्रो, तेस्रो र चौथो वर्षको अनुगमन प्रतिवेदन, (नेपाली र अङ्ग्रेजी) | २०६४-२०६७ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| २६. | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७ | २०६७ |
| २७. | A Decade of NHRC Nepal, 2011 (Pictorial Book) | २०६७ |
| २८. | आायोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| २९. | The report of NHRI's Nepal on the UPR process | २०६७ |
| ३०. | नागरिक समाजसँग आयोगको सहकार्य, सङ्क्षिप्त प्रतिवेदन | २०६८ |
| ३१. | मानव अधिकारसम्बन्धी सङ्क्रमणकालीन न्यायका सम्बन्धमा आयोगको निर्णय | २०६८ |
| ३२. | NHRC recommendations upon complaints in a decade(2000-2010) | २०६८ |
| ३३. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ३४. | व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ३५. | मानव अधिकार आयोग ऐन, २०५३ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ | २०६३ |
| ३६. | मानवअधिकार प्रश्न-उत्तर सँगालो | २०६१ |
| ३७. | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| ३८. | राष्ट्रिय मानव अधिकार आयोगक चारि वर्षक उपलब्धी (मैथिलीमा) | २०६१ |
| ३९. | Pocket Book on the Seven main International Human Rights Treaties with Optional Protocols | |
| ४०. | नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बिस्तृत शान्तिसम्झौता | २०६३ |
| ४१. | मानव अधिकारको विश्वव्यापी समीक्षा सम्बन्धी ब्रोसियर्स | २०६८ |
| ४२. | मानव अधिकारको विश्वव्यापी समीक्षा सम्बन्धी प्रतिवेदन | २०६८ |

## ६. समन्वय र सहकार्य

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आयोगको एकल प्रयासमात्र छैन । अतः यसका लागि आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कार्यरत विभिन्न मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरू, नागरिक समाजसँग समेत अर्थ र औचित्यपूर्ण सहकार्य सञ्चालन गर्दै आइरहेको छ । उक्त विभिन्न

निकाय, सङ्घसंस्था, नियोगहरू सँगको सहकार्यलाई आयोगले उच्चप्राथमिकता दिँदै आएको छ।

राष्ट्रिय स्तरमा आयोगले नेपाल सरकार तथा मातहतका निकायहरू, सुरक्षा निकायहरू, विभिन्न राजनैतिक दलहरू, संसद्, न्यायिक निकायहरू र नागरिक समाज एवम् मानव अधिकार सम्बद्ध सङ्घसंस्थाहरूसँग छलफल, अन्तर्क्रिया गर्दै आइरहेको छ। आयोगको सहकार्यलाई सङ्क्षेपमा निम्नानुसार चर्चा गरिएको छः

## ६.१. नेपाल सरकार

बेपत्ताविरुद्धको विषयमा आयोग र नेपाल सरकारबीच विभिन्न छलफल, विचार आदानप्रदान, पत्राचार, सहकार्य हुँदै आएको छ। आयोग र सरकारबीच छलफल भई प्रधानमन्त्री कार्यालयमा आयोगका सिफारिसहरू कार्यान्वयन गर्नका लागि पत्राचार हुँदै आएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मानव अधिकार प्रवर्द्धन कार्यालयको स्थापना, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीमा मानव अधिकार सेलको स्थापना हुनु सरकार र आयोगबीचको सकारात्मक सहकार्य हुन्। अनुसन्धान कार्यमा नेपाल प्रहरी, नेपाली सेना लगायत सुरक्षा निकायहरूसँग सहयोग र समन्वय गर्दै आएको छ।

मानव अधिकार उल्लङ्घनका घटनाहरूका बारेमा सुरक्षा निकायले आयोगलाई लिखित रूपमा विवरण दिने क्रम बढ्दै गएको छ। यसबाट पछिल्लो समयमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको निष्पक्ष छानविन गरी मानव अधिकार संरक्षण कार्यका लागि आयोगलाई थप सहयोग पुग्दै आएको छ। त्यसैगरी मानव अधिकारका विभिन्न पक्षहरू, मानवीय कानुनका बारेमा नेपाली सेनालगायत अन्य सुरक्षा निकायका अधिकारीहरूलाई आयोगले तालिम तथा अभिमुखीकरण मार्फत सचेत बनाउने कार्यमा सहयोग पर्‍याउँदै आएको छ। यसका अतिरिक्त आयोगद्वारा आयोजित विभिन्न तालीमहरूमासमेत नेपाल सरकार, सुरक्षा निकायका अधिकारीहरूलाई श्रोतव्यक्ति एवम् सहभागीको रूपमा समावेश गराउँदै आएको छ।

आयोगले सिफारिस गरेका निर्णयहरू नेपाल सरकारबाट कार्यान्वयन हुने संवैधानिक तथा कानुनी प्रावधान रहेको भए तापनि क्षतिपूर्ति सम्बन्धमा

बाहेक पिडकलाई कारबाही गर्नेसम्बन्धी सिफारिसहरू नेपाल सरकारबाट प्रभावकारी रूपमा कार्यान्वयन नभइरहेको अवस्थामा आगामी दिनहरूमा यस्ता सिफारिसहरूको पूर्णकार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

## ६.२. नागरिक समाज

आयोग स्थापना हुनुभन्दा अगाडि नै मानव अधिकारका क्षेत्रमा विभिन्न सङ्घसंस्थाहरू कार्यरत रहँदै आएको परिप्रेक्षमा आयोग र नागरिक समाजबीच सहकार्य हुनु अत्यन्त स्वभावीक र आवश्यक छ । आयोग स्थापनाका लागि नागरिक समाजको भूमिका महत्त्वपूर्ण रहेको थियो । मानवअधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै आएको छ । यस्ता सबै सङ्घसंस्थाहरूलाई आयोगले सरोकारवालाका रूपमा लिएको छ । नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ । संयुक्त रूपमा कार्यक्रमको आयोजना, तालीम, सेमिनार, सहभोज, अन्तर्क्रिया, छलफलमार्फत आयोगले नागरिक समाजसँग सहकार्य गर्दै आइरहेको छ । नागरिक समाजबाट मानव अधिकार संरक्षण र सम्वर्द्धनको क्षेत्रमा पाएको सहयोगलाई आयोगले उच्च मूल्याङ्कन गरेको छ । मानव अधिकार संरक्षण, सम्वर्द्धन र परिपालनाका लागि नागरिक समाजसँग आयोगको सहकार्यलाई अझै प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने अवस्था  छ ।

नागरिक समाज तथा गैरसरकारी संस्थाहरूमार्फत आयोगले बेपत्ताविरुद्धको अधिकार सम्बद्ध विभिन्न जानकारी तथा सूचनाहरू प्राप्त गर्ने गरेको छ । यसै गरी यस्ता संस्थाहरूले आयोगमा उजुरीहरू पठाई मानव अधिकार संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । अनुसन्धान, अनुगमनका क्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरूसमेत दिँदै आएका छन् । विभिन्न समयमा आयोग र नागरिक समाज, गैरसरकारी संस्थाहरूबीच संयुक्त रूपमा अनुगमन, अनुसन्धान हुँदै आएका छन् । सशस्त्र द्वन्द्वको अवस्थामा विभिन्न गैरसरकारी संस्थाहरू, नागरिक समाज र आयोगले संयुक्त रूपमा ६५ भन्दा बढी जिल्लाहरूमा मानव अधिकार स्थितिको अनुगमन गरेको थियो । मानव अधिकार राष्ट्रिय महाभेला, २००९, २०१० र २०११ को

सन्दर्भमा मानव अधिकारसँग सम्बन्धित १५० भन्दा बढी सङ्घसंस्थाहरू र आयोगको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । महाभेलाबाट पारित घोषणापत्रहरूमा नागरिक तथा राजनीतिक अधिकारहरू, महिला आप्रवासी कामदार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेद, महिला मानव अधिकारजस्ता विषयहरूसमेतमा विशेष जोड दिएको थियो । यसका अतिरिक्त आयोगका क्षेत्रीय, उपक्षेत्रीय कार्यालयहरू मार्फत क्षेत्रीय र स्थानीय तहमा पनि सरोकारवालाहरूबीच समन्वय र सहकार्य हुने गरेकोछ ।

## ६.३. सञ्चारजगतसँगको सहकार्य

आयोग स्थापना हुनुपूर्वबाट नै सूचनाको हक संरक्षण गर्ने सन्दर्भमा सञ्चार माध्यमहरूको भूमिका सन्हानीय रहँदै आएको छ । आयोग स्थापना गर्ने विषयलाई, स्थापना भैसकेपछि बेपत्ताविरुद्धको अधिकार विषयमा आयोगका गतिविधिहरूलाई सञ्चारमाध्यमहरूले प्राथमिकताका साथ प्रकाशन र प्रशारण गर्दै आइरहेका छन् । आयोगका विभिन्न कार्यक्रमहरूमा सञ्चारजगतलाई आमन्त्रण गर्ने गरिएको छ । यसै गरी महत्त्वपूर्ण मानव अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चारजगतको सहयोग लिँदै आएको छ । हाल आएर आयोगले रेडियो सगरमाथाबाट मानव अधिकार सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसैगरी रेडियो/टिभी लगायतका सञ्चारमाध्यमहरूबाट आयोगले मानवअधिकारका विषय वस्तुहरूको प्रचारप्रसार गर्दै आइरहेको छ । सङ्कटकाल लागेको अवस्था, बिस्तृत शान्ति सम्झौता पछिका अवधिमा समेत नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घनका घटनाहरू, आयोगका सिफारिसहरूका सम्बन्धमा सञ्चार माध्यमहरूले चासो राखी उचित स्थान दिएको छ ।

## ६.४. अन्तर्राष्ट्रिय निकायहरूसँगको सहकार्य

आयोगको क्षमता बिस्तार, भौतिक संरचना सुधार लगायतका विषयमा स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय निकायहरूसँग सौहाद्रपूर्ण सम्बन्ध र सहकार्य रहँदै आएको छ । विभिन्न देशका कुटनीतिक नियोगहरू, विशिष्ट व्यक्तित्वहरू, डेनिस मानव अधिकार संस्था (DIHR), डेनिस सहयोग नियोग (DANIDA), क्यानेडेली मानव अधिकार प्रतिष्ठान (Canadian Human Rights

Foundation), एसिया प्रशान्त मञ्च (APF), दी एसिया पाउन्डेसन, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम(UNDP), यूरोपेली सङ्घ (European Union), बाल-बचाउ, नर्वे (Save the Children Norway) , अमेरीकी बार यशोशियसन, प्लान इन्टरनेशनल, भारतीय राष्ट्रिय मानव अधिकार आयोग (National Human Rights Commission of India) लगायतका संस्थाहरूसँग आयोगले सहकार्य, सहयोग आदानप्रदान गर्दै आएको छ। यसै क्रममा आयोग र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (OHCHR Nepal) ले २०६५ फागुन ९ गते दुवै संस्थाहरूबीच सहकार्यसम्बन्धी मार्गनिर्देशन (Guideline of Cooperation) मा हस्ताक्षर सम्पन्न भएको थियो । त्यस्तै मित्रराष्ट्र बेलायत, क्यानडा, फिनल्याण्ड, डेनमार्क, नर्वे जस्ता देशहरूसँग पनि सहकार्य गर्दै आएको छ। यस्ता अन्तर्राष्ट्रिय सङ्घसंस्था, नियोग, देशहरूले आयोगको क्षमता बिस्तार, संस्थागत सुदृढीकरणमा सकारात्मक सहयोग पुगेको छ।

आयोगको यूरोपेली युनियन सँगको सहकार्यले आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तार भयो । द्वन्द्वकालमा स्थापना भएका आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको स्थापनाले बेपत्ताविरुद्धको अधिकार उल्लङ्घन भएका घटनाहरूको अनुगमन र अनुसन्धानमा सम्बन्धित स्थान, पीडितसमक्ष पुग्न आयोगलाई सहज भयो भने पीडितहरूलाई आयोगसमक्ष आई उजुरी दिन सहज भयो।

यस्तै आयोग स्थापना भएको केही समयपछि नै आयोगमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमअन्तर्गत क्षमता अभिवृद्धि तथा सवलीकरणसम्बन्धी परियोजना सञ्चालन गर्न सहयोग प्राप्त भएको छ। आयोगमा विभिन्न परियोजनाहरू सञ्चालन भैरहेका छन् । राष्ट्रिय मानवअधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्चसँग आयोगको सुमधुर सम्बन्ध कायम रहँदै आएको छ। यस संस्थाको सदस्यता लिएपछि राष्ट्रिय मानवअधिकार आयोगले मञ्चको अध्यक्षको भूमिका समेत निर्वाह गरी सकेको छ। यस संस्थामा आवद्ध भएर क्षेत्रीय साझेदारी, मानव अधिकारको संरक्षण, र सम्वर्द्धनमा राष्ट्रिय संयन्त्र स्थापना र विकासमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ।

# ७. आयोगका कार्यालयहरू

## केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौ<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

## क्षेत्रीय कार्यालयहरू

| | | | |
|---|---|---|---|
| १. | विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. | जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. | पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |
| ४. | नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. | धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१ ५२५६२३ |

## उपक्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं

इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५

हटलाइन २ ११ ११ ११

## क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फयाक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्ायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

## उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४

रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११

जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२